बैठक संख्या ६६ मिति २०८३।०५।१० समय दिनको : ३:००

आज मिति २०८३ साल भाद्र १० गतेका दिन गुराँस गाउँपालिकाको ६६औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल भई निर्णय पारित गरियो ।

तपसिल

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर बी.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फी वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमिसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी बुढा | - कार्यपालिका सदस्य |
| श्री ओम प्रकाश देवकोटा | - प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

सहयोगी कर्मचारीहरु

श्री.

श्री खेमराज उपाध्याय सहायक पाँचौं

श्री.

कार्यपालिका बैठक संख्या नं. ६७ स्थानः गाउँपालिका भवन मितिः २०८३/०५/१०

समयः दिउँसो ०३:०० बजे

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. स्थानीय दररेट सम्बन्धमा।
५. औषधीको दररेट स्वीकृत सम्बन्धमा।
६. घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ मा सहभागिता सम्बन्धमा।
७. वक्यौता असुली कार्ययोजना स्वीकृत सम्बन्धमा।
८. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन सम्बन्धमा।
९. विषय विज्ञ तोक्ने सम्बन्धमा।
१०. कर्मचारी भर्ना सम्बन्धमा।
११. भवन भत्काउने स्वीकृति सम्बन्धमा।
१२. फिल्ड भत्ता कार्यान्वयन सम्बन्धमा।
१३. प्रधानमन्त्री दैवी प्रकोप खातामा राहत रकम जम्मा गर्ने सम्बन्धमा।
१४. विपद् सामग्री माग सम्बन्धमा।
१५. योजना संसोधन सम्बन्धमा।
१६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रका सम्बन्धमा।
१७. बाह्य परामर्शकर्ता नियुक्ति सम्बन्धमा।
१८. विद्यालय शिक्षक, बालविकास शिक्षक र कर्मचारीको तलबमान तोक्ने सम्बन्धमा।
१९. स्थानीय प्राकृतिक श्रोत साधन उपलब्ध गराउने अनुमति सम्बन्धमा।
२०. अस्पताल हस्तान्तरण सम्बन्धमा।
२१. विविध।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ६६औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित विधेयकलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१. आलु मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
२. एक व्यवसायिक कृषक, एक सिँचाई पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
३. एक वडा, एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३
४. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
५. घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३
६. जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
७. पशुपञ्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
८. पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३
९. प्राविधिक कर्मचारी फिल्ड सुबिधा सम्बन्धी कार्यविधि, २०८३
१०. भैंसी तथा जर्सी गाईपालक कृषकको भकारो सुधार योजना कार्यान्वयन कार्यविधि, २०८३
११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
१२. श्रम रोजगार बैंक सञ्चालन कार्यविधि, २०८३
१३. होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१४. सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
१५. गरीबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
१६. मिनी औद्योगिक ग्राम निर्माण मापदण्ड, २०८३

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो ।

१. जनप्रतिनिधि तथा कर्मचारी बीमा निर्देशिका, २०८३
२. गुराँस गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७९ (संसोधन २०८३)
३. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण कार्यविधि, २०८३
४. सामुदायिक विद्युतीकरण कार्यान्वयन कार्यविधि, २०८३
५. पहिचान स्तम्भ निर्माण तथा सञ्चालन कार्यविधि, २०८३
६. पूर्ण सरसफाइ तथा स्वच्छ वडा घोषणा कार्यविधि, २०८३
७. सहकारी सम्बन्धी तालिम सञ्चालन कार्यविधि, २०८३
८. कर्णाली चलचित्र पर्यटन महोत्सव सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

टोप बहादुर बि.सी.
अध्यक्ष



CamScanner

कार्यपालिकाको कार्यालय
रातीनेत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

९. कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३
१०. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०८३
११. स्वास्थ्य आमा समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३
१२. वनभोजस्थल विकास, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१३. धार्मिकस्थल तथा मठमन्दिर निर्माण, सञ्चालन, संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८३
१४. गुराँसे भ्यू टावर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१५. गुराँस गाउँपालिका १५ शैया आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१६. प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१७. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१८. मसानघाट तथा दाहसंस्कार क्षेत्र निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१९. स्वास्थ्य सेवाका खोप तथा गाउँघर क्लिनिकमा खटिने फिल्ड कर्मचारीको सुविधा सम्बन्धी मापदण्ड, २०८३
२०. विगत आर्थिक वर्षमा छुट सञ्चय कोष र नागरिक लगानी कोष दाखिला सम्बन्धी मापदण्ड, २०८३
२१. लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
२२. पोषण पीठो/खाद्य उत्पादन (पोषण मिल) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
२३. सवारी साधन मर्मत सम्भार तथा सञ्चालन कार्यविधि, २०८३

**निर्णय नं. ३**

यस गाउँपालिकाको विकास र सेवा प्रवाहलाई चुस्त, प्रभावकारी र गुणस्तरीय बनाउन तपसीलका कार्यहरु गर्न परामर्श सेवा लिनका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

क) गुराँस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) तयारी
ख) चिस्यान केन्द्र निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

**निर्णय नं. ४**

यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को निर्माण र खरिद कार्यलाई व्यवस्थित र वास्तविक बनाउन जिल्ला प्रशासन कार्यालयबाट यस आर्थिक वर्षका लागि जारी जिल्ला दररेटलाई आधार लिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँपालिकालाई आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने औषधी खरिदका लागि प्रचलित कानून बमोजिम स्वास्थ्य शाखाले तयार गरी पेश गरेको अधिकतम् मूल्यलाई स्वीकृत गर्ने र विद्युतीय खरिद प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो । त्यसैगरी प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई आवश्यक कार्यालय सामग्रीको विद्युतीय बोलपत्र प्रक्रियाद्वारा खरिद गर्ने र वडाको मसलन्द खरिद गर्दा विनियोजन रकमबाट प्रत्येक वडाले ७५ हजारका दरले र बाँकी रकम गाउँपालिकाको विनियोजन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष



CamScanner

**निर्णय नं. ६**

भूमि व्यवस्था, सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. ५८ मिति २०८३/०४/२८ को पत्रानुसार घरपझोङ गाउँपालिकामा मिति २०८३ भाद्र ३० र ३१ मा सञ्चालन हुने घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ मा यस गाउँपालिकाको तर्फबाट अध्यक्ष श्री टोप बहादुर वि. सी. र उपाध्यक्ष श्री शिवा कुमारी खड्काले सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

गुराँस गाउँपालिका अन्तर्गत विभिन्न आर्थिक वर्षहरूमा उठ्न बाँकी रहेको बेरुजु, स्थानीय कर, शुल्क, गैर-कर राजस्व तथा पेश्की बक्यौता समयमै असुली गरी वित्तीय सुशासन कायम गर्ने उद्देश्यले तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरिएको कार्ययोजना स्वीकृत गरियो ।

**निर्णय नं. ८**

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिकाको दफा २२ बमोजिम गाउँपालिकास्तरमा तपसील अनुसारको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो।

समितिको संरचनाः

क) **संयोजकः** गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का

ख) **सदस्यः** आर्थिक विकास समिति संयोजक

ग) **सदस्यः** स्थानीय तहमा दर्ता भएको कृषि फर्म वा कृषक सहकारीको प्रतिनिधि १ जना महिला सहित ३ जना

घ) **सदस्यः** पशुपन्छी विकास शाखा प्रमुख

ङ) **सदस्य-सचिवः** कृषि विकास शाखा प्रमुख

**निर्णय नं. ९**

यस गाउँपालिकाको विभिन्न मितिमा प्रकाशित सूचना अनुसार स्वास्थ्य सेवा अन्तर्गत रिक्त रहेका जनस्वास्थ्य अधिकृत, अ. हे. ब., अ. न. मी. र ल्याब असिष्टेण्ट पदको लिखित तथा मौखिक परीक्षाका लागि विज्ञ सदस्यका रुपमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक श्री कृष्ण सापकोटालाई तोक्ने निर्णय गरियो ।

त्यसैगरी, ब्याकहो लोडरको प्रयोगात्मक र अन्तर्वार्ताका लागि अस्थायी ट्राफिक प्रहरी पोष्टका प्रमुखलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिका सामुदायिक विद्युतीकरण शाखा मातहत वार्ड नं १ र २ मा कार्यरत सुजन रावलले पेशागत इमान्दारिता र कर्तव्यपालना गर्न नसकेको भनी नागरिकको गुनासो आएको र निजलाई बारम्बार सचेत गराउँदा समेत जिम्मेवारीबहन गर्न उदासिनता देखाएकोले निजलाई सेवाबाट हटाउनुका साथै निजको स्थानमा १ जना इलेक्ट्रिकल सहायक ज्यालादारीमा भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस आर्थिक वर्षमा गुराँस गाउँपालिका तथा सामाजिक विकास कार्यालय दैलेख बाट निर्माण हुने क्रमशः ४ र २ कोठे भवनका लागि स्थान अप्रयाप्त रहेको भनी सरस्वती माध्यमिक विद्यालय, पातिकाल्ना, गुराँस-३, दैलेखले २ वटा जीर्ण भवन भत्काउनका लागि विद्यालय व्यवस्थापन समितिको निवेदन, वडा कार्यालयको सिफारिश, प्रहरी मुचुल्का र प्राविधिक प्रतिवेदन समेतको आधारमा भत्काउन अनुमती दिने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १२**

गुराँस गाउँपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८३ बमोजिम यस आर्थिक वर्ष २०८३/८४ मा इन्जिनियरिङ्ग सेवा (सिभिल, इलेक्ट्रीकलगायत) लाई फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३**

रसुवा जिल्ला तथा आसपासका क्षेत्रमा भोटेकोशी नदीमा अचानक आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै विपद्का कारण ज्यान गुमाउनु हुने सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने र शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै विपद्को यस कठिन समयमा विपद् प्रभावित परिवारहरुलाई धैर्यधारण गर्ने शक्ति प्राप्तहोस भन्ने कामना गर्ने। यस दुःखद् घडीमा बाढी तथा पहिरोका कारण घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै विपद् बाट प्रभावित नागरिकहरूको तत्काल उद्धार, राहत, पुनर्स्थापना सहयोग होस भन्ने हेतुले भाद्र महिनाको पारिश्रमिक तबलबाट गुराँस गाउँपालिकाको कार्यालय स्थित कार्यालय सहयोगी तथा तह बिहीनको २/२ दिन, सहायकस्तरका कर्मचारीको ३/३ दिन र कार्यपालिका पदाधिकारी तथा अधिकृतस्तरका कर्मचारीहरुको जनही ५/५ दिनको पारिश्रमिक एवं गाउँपालिकाको विपद् कोषबाट रु. २ लाख रुपैया प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा उपलब्ध गराउने निर्णय गरियो। साथै गुराँस गाउँपालिका भित्र रहने अन्य कर्मचारी, शिक्षक, निजी क्षेत्र तथा गुराँसबासी नागरिकहरुमा स्वेच्छिक सहयोगका लागि हार्दिक अपिल गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

गुराँस गाउँपालिका दैलेखको सम्भावित विपद व्यवस्थापन गर्न विपद्जन्य घटना तपसिलका विपद् व्यवस्थापन सामाग्रीहरु आवश्यक भएकाले सामाग्री उपलब्धताका लागि सोसेक नेपाललाई अनुरोध गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | आवश्यक सामाग्रीहरुको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | प्राथमिक उपचार सामाग्री | सेट | १२ सेट | |
| २. | फोल्डिङ्ग स्टेचर | पिस | १२ पिस | |
| ३. | त्रिपाल ठुलो | पिस | २५ पिस | |
| ४. | रुख काट्ने चैन आरा | थान | १ थान | काठ काट्ने |
| ५ | रेनकोट | पिस | ५ थान | |

**निर्णय नं. १५**

यस आर्थिक वर्ष २०८३/८४ मा कर्णाली प्रदेश सरकार मातहतका विषयगत कार्यालय र यस गाउँपालिकाबाट कार्यान्वयन हुने तपसीलका योजनाहरुको नाम र ठेगाना संसोधनका लागि सरोकारवाला निकायमा अनुरोध गर्ने निर्णय गरियो।

| सि. नं. | हालको योजनाको नाम | संसोधन कायम हनु पर्ने | कार्यान्वयन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मी आ. वि. सल्लेरीडाँडा गुराँस- ५ दैलेख | भगवती प्रा. वि. सल्लेरीडाँडा गुराँस- ५ दैलेख | सामाजिक विकास कार्यालय, दैलेख | |
| २ | सामुदायिक क्याम्पसहरुको सुधार सहयोग, गुराँस | सामुदायिक क्याम्पसहरुको सुधार सहयोग, गुराँस | सामाजिक विकास कार्यालय, दैलेख | |



टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | बहुमुखी क्याम्पस, गुराँस- ४ दैलेख | बहुमुखी क्याम्पस, गुराँस- ३ दैलेख | | |
| ३ | लक्ष्मी मा. वि. झुज दैलेख २ कोठे भवन निर्माण | लक्ष्मी आ. वि. झुज गुराँस-७ दैलेख २ कोठे भवन निर्माण | गुराँस गाउँ कार्यपालिकाको कार्यालय, दैलेख | |

**निर्णय नं. १६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३ भाद्र ५ गते यस गाउँपालिकालाई सोधनी भएको वडा नं. ८ स्थित भित्री सडक ढलान आयोजना सम्बन्धीको पत्रका बारेमा बैठकलाई जानकारी गराइयो र आगामी दिनमा कानूनी शासन, पारदर्शिता, वित्तीय सुशासन र नागरिकको विश्वसनीयता कायम हुने गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो।

**निर्णय नं. १७**

यस आर्थिक वर्षमा कार्यालयबाट खरिद हुने स्कूल बस, दुई पांग्रे सवारी साधन, निर्माण हुने चिस्यान केन्द्र, मर्मत गर्नु पर्ने २ पांग्रे तथा चार पांग्रेका लागि शुरु लागत अनुमान तयार तथा अन्तिम कार्यसम्पन्न गर्न दक्ष जनशक्ति यस गाउँ कार्यपालिकाको कार्यालयमा नरहेकोले सो काम गर्नका लागि मेकानिकल इन्जीनियरको सेवा प्रदान गर्ने व्यक्ति वा फर्म वा कम्पनीको सेवाका लागि बाह्य परामर्श लिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १८**

यस गाउँपालिका मातहतका विद्यालयहरुमा कार्यरत विद्यालय शिक्षक, बालविकास शिक्षक, लेखा सहायक र कार्यालय सहयोगीको आर्थिक वर्ष २०८३/८४ का लागि तपसील अनुसारको तलबमान स्वीकृत गर्ने निर्णय गरियो।

| सि. न. | पद | संघीय अनुदान रु. | गा पा थप रु. | कुल तलब रु. | जनशक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय सहयोगी | १५,०००/- | ४,६००/- | १९,६००/- | ४७ | |
| २ | बालविकास | १७,०००/- | ३,५००/- | २०,५००/- | ४२ | |
| ३ | बालविकास (पालिका अनुदान) | ---- | २०,५००/- | २०,५००/- | ६ | |
| ४ | लेखा सहायक | २०,०००/- | १,५००/- | २१,५००/- | १३ | |
| ५ | प्रा वि. शिक्षक | ---- | २१,५००/- | २१,५००/- | ६ | |
| ६ | [illegible]. वि. शिक्षक | ---- | २५,०००/- | २५,०००/- | १६ | |
| ७ | मा. वि. शिक्षक | ---- | ३५,०००/- | ३५,०००/- | १० | |

**निर्णय नं. १९**

Periodic Maintenance of Road: Ratanagla-Bhiuchula-Dharampokhara Road (20 km) को ठेकदार कम्पनी DNSPL-KAMLESH-PARAJULI JOINT VENTURE Sarlahi, Balara को च. नं. ८ मिति २०८३/०५/१० को पत्रानुसार उक्त सडक निर्माणमा आवश्यक पर्ने स्थानीय प्राकृतिक श्रोत साधनको उत्खनन्, भण्डारण, परिचालन र प्रयोगका लागि अनुरोध भई आएकोले प्रचलित वातावरण कानून र यस गाउँपालिकाको आर्थिक ऐनको प्रतिकुल नहुने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. २०**

यस गाउँपालिकामा निर्माण सम्पन्न भएको १५ शैया आधारभूत अस्पताल कार्य सम्पन्न पश्चात निर्माण कम्पनी **श्री प्रतिष्ठा मंगलदीप नेपाल सोलुसन जेभिले** प्रचलित कानून बमोजिम हस्तान्तरण गरेको भवन बुझिलिने र सो अस्पताल सञ्चालनका लागि अनुमति प्रदान गर्न अनुगमन गरिदिन हुन भनी नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने निर्णण गरियो ।

**निर्णय नं. २१**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) यस गाउँपालिका क्षेत्रमा रहेका नदी तथा खानीबाट उत्खनन् हुने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र माटोको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची (ToR) गुराँस गाउँपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८३ को दफा ६ (५) बमोजिम स्वीकृत गर्ने ।

(ख) गुराँस गाउँपालिकाको कार्यालय परिसर, रानीमत्ता तथा गुराँसे बजार क्षेत्र र सुर्खेत-दैलेख सडक रातानाङ्गला देखि डबलगैरा खण्डको दुवै तर्फको फोहरमैला व्यवस्थापनका लागि गत आर्थिक वर्षमा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थासंग गुराँस गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८३ को दफा २७ बमोजिम भाँडेगैरा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रोहवरमा सम्झौता गरी कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत विपद् व्यवस्थापन शाखालाई अख्तियारी दिने ।

(ग) गुराँस गाउँपालिका र व्यवसायिक कृषक बीच आर्थिक वर्ष २०७६/७७ मा साझेदारी व्यवसाय सञ्चालनको लागि सम्झौता भई लिएको रकम रु. ५ लाख सबै गाउँपालिकालाई तिरिसकेको र बाँकी व्याज, हर्जना सम्झौता अवधिभर तिर्ने प्रतिवद्धता सहित् गुराँस- ८ मा रहेको ग्रिनल्याण्ड कृषि तथा पशुपंक्षी फार्मका प्रो. भुपेन्द्र ओलीको निवेदन उपर छानविन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न यस गाउँपालिकाका प्रवक्ता एवं वडा नं. ८ का अध्यक्ष श्री दिपेन्द्र वली संयोजक, वरिष्ठ शाखा अधिकृत श्री मदन प्रकाश मल्ल, कृषि विकास शाखाका अधिकृत श्री पुर्ण बहादुर खड्का, वरिष्ठ प्रशासन सहायक श्री खेमराज उपाध्याय, ला. पो. डे. डे. श्री खिम प्रसाद सापकोटा, अमिन श्री तेज बहादुर चन्द रहेको समिति समिति गठन गर्ने र सो समितिले गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्ने ।

टोप बहादुर बि.सी.
अध्यक्ष